"निशुल्क सीप सिकौं आत्मनिर्भर बनौं"

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
**सामाजिक विकास कार्यालय**
काभ्रेपलाञ्चोक

फोन नं. ०११-६६१४९२

## सीप विकास तालिम सञ्चालनको लागि दरखास्त आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकशित मिति २०८१/०६/०२ गते

बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय अन्तर्गत सामाजिक विकास कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोकद्वारा चालु आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार २०८१ कार्तिक महिनादेखि देहाय अनुसारका सीप विकास तालिमहरु सञ्चालन हुने भएकोले ईच्छुक आवेदकहरुले आवेदन फारम भरी बुझाउन यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र (मिति २०८१।०६।१६ गते कार्यालय समयभित्र) यस कार्यालयमा पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ। प्रशिक्षर्थीहरुबाट तालिम बापत कुनै शुल्क लिइने छैन र तालिम सञ्चालनको लागि उपकरण, आवश्यक सामाग्री कार्यालयले बेहोर्नेछ ।

सामाजिक विकास कार्यालय, धुलिखेल, काभ्रेपलान्चोकबाट सञ्चालन हुने तालिमहरु :

| सि. न. | तालिमको विषय | तालिमको अवधि | संख्या | न्यूनतम शैक्षिक योग्यता | तालिम सञ्चालन हुने स्थान | अन्तर्वार्ताको मिति | आवेदन फारम पाइने स्थान |
|---|---|---|---|---|---|---|---|
| १. | कम्प्युटर सफ्टवेयर | ६ महिने /७३० कार्य घण्टा | २५ | SLC/SEEउतीर्ण | स्थान पछि तोकिनेछ | २०८१/०७/०६ गते विहान ११ बजे देखि | सामाजिक विकास कार्यालय, काभ्रेपलान्चोक |
| २ | बेतबास हस्तकला | ३महिने/३९० कार्य र्घण्टा | २० | ८ कक्षा उत्तीर्ण | स्थान पछि तोकिनेछ | २०८१/०७/०७ गते विहान ११ बजे देखि | सामाजिक विकास कार्यालय, काभ्रेपलान्चोक |
| ३. | इलेक्ट्रोनिक्स मर्मत | ३महिने/३९० कार्य र्घण्टा | २५ | १० कक्षा उत्तीर्ण | स्थान पछि तोकिनेछ | २०८१/०७/०८ गते वहान ११ बजे देखि | सामाजिक विकास कार्यालय, काभ्रेपलान्चोक |

### तालिम लिन इच्छुक उम्मेदवारहरुले पालना गर्नुपर्ने शर्तहरु:

१. प्रशिक्षार्थी आवेदन फारममा हालसालै खिचेको पासपोर्ट साइजको फोटो टाँसी नेपाली नागरिकता र शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि राखी २०८१/०६/१६ गते (सो दिन विदा परेमा भोलिपल्टा) सम्म कार्यालयमा उपस्थित भई पेश गर्नुपर्ने वा यस कार्यालयको इमेल ठेगाना - sdokavre@gmail.com मा कार्यालय समयभित्र पठाउनु पर्नेछ। । तालिमको अन्तर्वार्ताका लागि तोकिएको मितिमा यस सामाजिक विकास कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोकमा आफ्नो सक्कल कागजात सहित उपस्थित हुनु पर्नेछ ।

२. यस कार्यालयको कार्यक्षेत्रहरु - काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा र रामेछापका स्थायी बासिन्दालाई पहिलो प्राथमिकता, सोपछि बागमती प्रदेश भित्रका अन्य जिल्लाका स्थायी बासिन्दालाई दोस्रो प्राथमिकता र बागमती प्रदेश बाहिरका स्थायी बासिन्दालाई तेस्रो प्राथमिकता क्रमका आधारमा प्रशिक्षार्थी छनोट गरिनेछ।

३. तालिममा गरीब, विपन्न, दलित, महिला र पिछडिएको वर्ग समुदाय, अपाङ्ग, जनाआन्दोलनमा घाइते, सहिद परिवार तथा एकल महिलालाई प्रथामिकता दिइनेछ ।

४. तालिम लिन इच्छुक उम्मेदवारहरु शारीरिक र मानसिक रुपमा स्वस्थ र उमेर १६ वर्ष पुगी ४० वर्ष ननाघेको हुनुपर्नेछ। प्रशिक्षर्थीको छनौट अन्तर्वार्ताबाट गरिनेछ ।

५. तालिममा छनौट भएका उम्मेदवारहरुको तालिम सञ्चालन मिति नतिजा प्रकासनको दिन तोकिनेछ ।

६. सञ्चालन हुने तालिमहरु ६ महिने /७३० कार्य घण्टा र ३ महिने/३९० कार्य घण्टा तालिमको हकमा दैनिक औसत ५ देखि ६ घण्टा तालिम सञ्चालन गरिनेछ ।